# नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय

**सवारी साधन (जिप) खरिद गर्ने बारेको**
**सिलबन्दी बोलपत्र आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०७२/०७/१५)

**बोलपत्र नं : NRB/BRT/ 01/72/73**

यस कार्यालयको लागि तोकिएको स्पेशिफिकेशन बमोजिम सवारी साधन (जिप) थान १ आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ सिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि ३० औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ४:०० बजेसम्म यस बैंकको विराटनगर कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालय, विराटनगरबाट पछि फिर्ता नहुने गरी रु.१०,०००।– (अक्षरेपी दस हजार मात्र) बुझाई खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३ बोलपत्र फाराम साथ बोलपत्र जमानत वापतको रकम रु.१,९५,०००।– (अक्षरेपी एकलाख पन्चानव्वे हजार मात्र) यस कार्यालयको सण्ड्री क्रेडिटर्स (१५०९९९९.०११.००३.५२४) हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

४ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस कार्यालयमा सिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ । उक्त दिन दिउंसो २:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । तर बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

५ बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा यस कार्यालयको खरिद एकाइ (०२१-५२२५९०) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६ यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

**नेपाल राष्ट्र बैंक**
**विराटनगर कार्यालय**